मिति २०७५ भाद्र १५

प्रस्तावहरु

१. छैठौँ राष्ट्रिय अबिधेशन सम्पन्न गर्न सहयोग गर्नेलाई धन्यवाद दिने ।

२. संघको विधान प्रकाशन र नियमावलीलाई परिमार्जन ।

३. संघको रणनितिक कार्ययोजना परिमार्जन ।

४. संघको भवन निर्माण सम्बन्धमा ।

५. विविध ।

प्रस्ताव नं. १ मा , छैठौँ राष्ट्रिय अबिधेशन सम्पन्न गर्न सहयोग गर्ने साझेदार संस्था  र सबैलाई धन्यवाद दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा, संघ विधानलाई छैठौँ राष्ट्रिय अबिधेशनमा छलफल भई सहमति भएका विषयहरु समावेश गर्दै प्रकाशन गर्ने र सोहि बमोजिम आर्थिक तथा कर्मचारी प्रशासन नियामलि परिमार्जनका लागि उपाध्यक्षको संयोजकत्वमा निम्न बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

१. श्री कविता ढुंगाना - संयोजक

२. भरत बहादुर के.सी -सदस्य

३. दिपकबाबु कर्णेल -सदस्य

४. हरगोविन्द पाण्डे -सदस्य सचिव

प्रस्ताव नं. ३ मा, संघको रणनैतिक कार्ययोजना परिमार्जनका लागि संघका सहासचिवको संयोजकत्वमा निम्न बमोजिमको समिति गठन गर्ने निर्णय गरियो । साथै सो रणनितिक कार्ययोजना आगामि कार्य समिति बैठकमा पेश गर्ने निर्णय गरियो ।

१. श्री भिम प्रसाद ढुंगाना -संयोजक

२. श्री मञ्जु भण्डारी (सुवेदी ) -सदस्य

३. श्री उद्धव प्रसाल खरेल -सदस्य

४. श्री गोर्ख बहादुर के.सी -सदस्य

५. श्री कलानिधि देवकोटा -सदस्य

प्रस्ताव नं. ४मा, भवन निर्माणका लागि संघले मध्यपुर थिमिमा खरिद गरेको जग्गा बर्तमान परिप्रेक्षमा विभिन्न दृष्ट्रिकोणले उपयुक्त नदेखिएको हुँदा सो जग्गा विक्रि गर्ने र भवन निर्माणका लागि नेपाल सरकार संग जग्गा माग गरी भवन बनाउन आवश्क पहल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा, संघको कार्य समितिको बैठक कम्तिमा बर्षको २ पटक बस्ने निर्णय गरियो । र आगामी बैठकमा प्रदेश संयोजकहरुले प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने निर्णय गरियो ।

मिति २०७५मंसिर १७

प्रस्तावहरु

१. संघको बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्ने ।

२. संघको रणनितिक कार्ययोजना बारे छलफल गर्ने ।

३. संघको विधान प्रकाशन तथा प्रादेशिक संरचना संचालन कार्यविधिबारे ।

४.विविध ।

निर्णयहरु

प्रस्ताव नं. १ मा, नेपाल नगरपालिका संघको आ.ब ०७५/७६ को बजेट नीति तथा कार्यक्रम प्रस्तुती भएकोमा सो उपर छलफल गरी आवश्यक परिमार्जन सहित आगामी कार्यसमितिको बैठकद्धारा पारीत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा, नेपाल नगरपालिका संघको रणनैतिक र्कायोजना तयारीको लागि विज्ञ अमृत कुमार राईलाई जिम्मा दिएकोमा विज्ञद्धारा तयार गरिएको प्रारम्भिक मस्यौदाको प्रस्तुती भयो । सो रणनैतिक कार्ययोजनालाई बैठकद्धारा उठेका सुझावहरुलाई समावेश गरी अन्तिम रुप दिई अनुमोदनका लागि आगामि कार्यसमिति बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव न.. ३ मा, नेपाल नगरपालिका संघको छैठौं राष्ट्रिय अधिवेशनद्धारा पारित गरेको संघको विधान र प्रादेशिक संरचना कार्यविधिलाई संलग्न संलग्न सुझाव सहित प्रकाशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४(१) मा संघको प्रमुख कार्यक्षेत्र अन्तर्गत बहस पैरवी रहेको र हाल संघमा उक्त दरबन्दि अन्तर्गत कर्मचारी विहिन भएको हुँदा आवश्यक प्रकृया थालनी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४(२) मा, नेपाल नगरपालिका संघको कार्यालय व्यवस्थापन खर्चका लागि एभरेष्ट बैंक लि. लाजिम्पाट शाखामा एक चल्ती खाता खोल्ने र उक्त खाता कार्यकारी निर्देशक कलानिधि देवकोटा र वित्त तथा प्रशासन अधिकृति प्रमोद अर्यालको संयुक्त दरखास्तबाट संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४(३) नेपाल नगरपालिका संघको संशोधित विधान २०७५ को व्यवस्था बमोजिम निर्धारित गरिएको वर्गिकरण र सदस्यता शुल्कको दररेट पारित गरी सदस्य नगरपालिकाहरुमा बस्यौता सहित सदस्यता शुल्क भुक्तानीका लागि पत्राचार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४(४) दक्षिण एसियाली नगरपालिकाहरुको संजालमा सरसफाई पैरवी परियोजना अन्तर्गत संघले संचालन गरिरहेको दिशाजन्य लेदो व्यवस्थापन गतिविधि अन्तर्गत प्राविधिक सहयोग गर्न पाइलट मिनिसिपालिटिको रुपमा भिमदत्त, वालिङ, लाहान नगरपालिकालाई चयन गर्ने निर्णय गरियो ।

**माघ १६ २०७५**

**प्रस्तावहरु**

१. संघको प्रगति प्रतिवेदन पेश गर्ने ।

२. संघको बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्ने ।

३. संघको रणनैतिक कार्ययोजना बारे छलफल गर्ने ।

४. संघको सचिवालय गठन बारे ।

५. संघको महिला विभाग गठन गर्ने ।

५. विविध ।

**निर्णयहरु**

प्रस्ताव नं. १ मा छलफल गर्दा नेपाल नगरपालिका संघ का कार्यकारी निर्देशक सदस्य सचिव श्री कलानिधि देवकोटाले प्रस्तुत गर्नुभएको संघको आ.व ०७५/७६ श्रावण देखि हाल सम्मको प्रगति प्रतिवेदन सर्वसहमतिले अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा नेपाल नगरपालिका संघका कोषाध्यक्ष श्री घनश्याम पाण्डेले आ.व ०७५/७६ का लागि पेश गर्नुभएको रु. ११,०९,६१,८०९।५८ (अक्षररुपी एघार करोड नौ लाख एकसठ्ठी हजार आठ सय नौ रुपयाँ अन्ठाउन्न पैसा मात्र ।) आय व्यय सहितको बजेट नीति तथा कार्यक्रममा छलफल गरि सर्वसहमतिले पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ मा यस संघका कार्यकारी निर्देशक श्री कलानिधि देवकोटाले प्रस्तुत गर्नुभएको संघको रणनितिक कार्ययोजनाको पहिलो मस्यौदामा सामान्य छलफल गरि विज्ञ समुहबाट कार्यशाला मार्फत थप परिमार्जन गरि आगामी कार्य समिति बैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा छलफल गर्दा नेपाल नगरपालिका संघको सचिवालय गठन कार्य आगामी बैठकबाट गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ संघको महिला विभागको गठन निम्न बमोजिम गर्ने निर्णय गरियो :

| **क्र.सं.** | **पद** | **नाम, थर** | **प्रदेश** | **नगरपालिका** |
|---|---|---|---|---|
| १. | संयोजक | प्रभा बराल | प्रदेश ३, | राप्ती नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| २. | उपसंयोजक | विमला राई | प्रदेश १, | हरेसी तुवाचुङ |
| ३. | | पम्फा बसेल | गण्डकी प्रदेश | पालुङटार |
| ४. | | मोहन माया भण्डारी | कर्णाली प्रदेश | बीरेन्द्रनगर नगरपालिका |
| ५. | | अञ्चला चौधरी | सुदुर पश्चिम प्रदेश | गौरीगंगा |
| ६. | | शुक्र लक्ष्मी श्रेष्ठ | प्रदेश ३ | शंखरापुर नगरपालिका) |
| ७. | | लीला कुमारी मोक्तान | प्रदेश २ | बाग्मती नगरपालिका) |
| ८. | | सवनम खातुन | प्रदेश ५, | कृष्णनगर नगरपालिका |
| ९. | | मिरा जोशी | गण्डकी प्रदेश, | व्यास नगरपालिका |
| १०ं | | सृजना खड्का | प्रदेश ३, | रामेछाप नगरपालिका |
| ११. | | सुसिला चन्द | सुदुर पश्चिम प्रदेश | भीमदत्त नगरपालिका |
| १२ | | सिता पराजुली लामिछाने | गण्डकी प्रदेश | कुस्मा नगरपालिका |
| १३. | | शान्ता आचार्य | प्रदेश नं. ५ | प्युठान नगरपालिका |
| १४. | | शिलादेवी मण्डल | प्रदेश नं. २ | कमला नगरपालिका |
| १५. | | सरितादेवी यादव | प्रदेश नं. २ | हनुमान नगर कंकालनी |
| १६. | | सलमा खातुन | प्रदेश नं. २ | पोखरिया नगरपालिका |

प्रस्ताव नं. ६(क) मा नेपाल नगरपालिका संघको कार्य प्रभावकारी रुपले संचालन गर्न भवन निर्माण कार्य गर्ने कार्यका लागि नेपाल सरकार तथा काठमाडौ महानगरपालिकालाई जग्गा तथा भवन निर्माणका लागि आर्थिक सहायताका लागि अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६(ख) मा बाझीएका कानुन तथा संविधानमा स्थानिय सरकारको लागि प्रष्ट व्यवस्था भएको एकल अधिकार संग बाझीने ऐन, कानुन सम्बन्धमा अनुसन्धान र आवश्यक पहल गर्ने निम्नानुसारको समितिको गठन गर्ने निर्णय गरियो ।

१. कविता ढुंगाना संयोजक

२. भरत के.सी सदस्य

३. पदमपाणी शर्मा सदस्य

४. दिपक बाबु मण्डल सदस्य

२०७५ फागुन २९

**प्रस्तावहरु**

१. संघको प्रगती प्रतिवेदन पेश गर्ने ।

२. कार्यसमिति सदस्य मनोनयन गर्ने ।

३. सचिवालय गठन गर्ने ।

४. प्रदेश कार्यालयहरुमा कर्मचारीहरु व्यवस्थापन गर्ने ।

५. विविध ।

**निर्णयहरु :**

प्रस्ताव नं १ मा नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाले प्रस्तुत गर्नुभएको संघको हाल सम्मको प्रगती प्रतिवेदन माथि सामान्य छलफल गरि सर्वसम्मतीले अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२ मा संघको विधान बमोजिम अध्यक्षद्धारा मनोनित गर्नुपर्ने ३ जना सदस्यहरु निम्नानुसार रहने गरि मनोनित गर्ने निर्णय गरियो :

| | |
|---|---|
| १. श्री दिलिप खाँड | वालिङ नगरपालिका |
| २. श्री इवन राई | हलेसी नगरपालिका |
| ३. श्री सुरेन्द्र बहादुर विष्ट | भिमदत्त नगरपालिका |

प्रस्ताव नं. ३ मा संघको केन्द्रिय सचिवालय निम्न बमोजिम हुने गरि निर्णय गरियो :

| **क्र. सं** | **नाम, थर** | **नगरपालिका** | **पद** | **प्रदेश** |
|---|---|---|---|---|
| १ | अशोक कुमार व्याञ्जु श्रेष्ठ | धुलिखेल | अध्यक्ष | प्रदेश ३ |
| २ | कविता ढुंगाना | बेलकोटगढि | उपाध्यक्ष | प्रदेश ३ |
| ३ | भिम प्रसाद ढुंगाना | निलकण्ठ | महासचिव | प्रदेश ३ |
| ४ | लाल किशोर शाह | जनकपुर | उपमहासचिव | प्रदेश २ |
| ५ | घनश्याम पाण्डे | तुल्सीपुर | कोषाध्यक्ष | प्रदेश ५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | हरिप्रभा खड्गी श्रेष्ठ | काठमाडौ | सहकोषाध्यक्ष | प्रदेश ३ |
| ७ | सञ्जु कुमारी चौंधरी | कोहलपुर | सदस्य | प्रदेश ५ |
| ८ | नृप बहादुर वड | धनगढी | सदस्य | सुदुर पश्चिम |
| ९ | देव कुमार सुवेदी | बिरेन्द्रनगर | सदस्य | कर्णाली |
| १० | महेश खरेल | पाँचखाल | सदस्य | प्रदेश ३ |
| ११ | मञ्जु भण्डारी | धरान | सदस्य | प्रदेश १ |
| १२ | गीता कुमारी पौडेल अधिकारी | दमक | सदस्य | प्रदेश १ |
| १३ | सिमा कुमारी क्षेत्री | पुतली बजार | सदस्य | गण्डकी |
| १४ | पदमपाणी शर्मा | फलेबाँस | सदस्य | गण्डकी |
| १५ | रिना कुमारी शाह | मौलापुर | सदस्य | प्रदेश २ |
| १६ | अशोक कुमार चन्द | बेदकोट | सदस्य | सुदुर पश्चिम |
| १७ | पुर्ण के.सी | रोल्पा | सदस्य | प्रदेश ५ |

प्रस्ताव नं. ४ मा संघको सात ओटै प्रदेश कार्यलयका लागि आवश्यक पर्ने मानव संशाधनको व्यवस्थापनका लागि प्रदेश संयोजकहरु संग समन्वय गरि केन्द्रिय कार्यालय बाट हाल एक/ एक जना प्रादेशिक नगर संयोजकको दरबन्दी स्विकृत गरि पदपुर्तीका लागि दरखास्त आह्वान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा नेपाल नगरपालिका संघले संचालन गरिरहेको दिशाजन्य लेदो व्यवस्थापन (FSM ) परियोजना अन्तर्गत सातै प्रदेशमा रहेका प्रादेशिक नगर अध्ययन केन्द्र (PMLC ) हरुमा मिडिया कन्फरेन्स प्रबिधि सुरु गरि नगरपालिकाहरु विच सुचना सञ्जाललाई चुस्त बनाउन एक समझदारीपत्रमा हस्ताक्षर गर्ने निर्णय गरियो ।

**२०७६ श्रावण १७, १८**

**प्रस्तावहरु**

१. प्रगती प्रतिवेदन प्रस्तुत गर्ने ।

२. आ.ब. ०७६/७७ को बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्ने ।

३. संघको रणनितिक कार्ययोजना प्रस्तुत गर्ने ।

४.संघको कर्मचारी तथा आर्थिक प्रशासन नियमावली संशोधन गर्ने ।

५.लेखा परिक्षकको नियुक्ति सम्बन्धमा ।

६. संघको प्रादेशिक अधिशन गर्ने बारे ।

७. विविध ।

**निर्णयहरु**

प्रस्ताव नं. १ मा, छलफल गर्दा नेपाल नगरपालिका संघ का कार्यकारी निर्देशक श्री कलानिधि देवकोटाले प्रस्तुत गर्नुभएको संघको आ.व ०७५/७६ को प्रगति प्रतिवेदन सन्तोषजनक पाइयो र सामान्य सुझाव सहित सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा, नेपाल नगरपालिका संघका अध्यक्ष श्री अशोक व्याञ्जुले प्रस्तुत गर्नुभएको आ.ब ०७६/७७ को नीति तथा कार्यक्रम र सह कोषाध्यक्ष श्री हरिप्रभा खड्गी श्रेष्ठले आ.व ०७६/७७ का लागि प्रस्तुत गर्नु भएको रु. १०,४८,८८,९४४/०३ ( दश करोड अड्चालीस लाख अठासी हजार नौ सय चौवालीस रुपयाँ ति पैसा मात्र) आय ब्यय सहितको बजेट छलफल गर्दा आएका केहि सुझावहरुलाई समावेश गरी सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ मा , यस संघका कार्यकारी निर्देशक श्री कलानिधि देवकोटाले प्रस्तुत गर्नुभएको नेपाल नगरपालिका संघको २०७६-२०८० सम्मका लागि तयार गरीएको रणनितिक कार्ययोजना माथि छलफल गरी प्राप्त सुझावहरु समेटिने गरी सर्वसम्मतीले पारित गर्ने निर्णय गरीयो । संघको नयाँ रणनितिक कार्ययोजना बमोजिम तय भएका कार्यक्षेत्रको आधारमा बनेको सांगठनिक ढाँचा बमोजिम कर्मचारी प्रशासन नियमावलीमा समावेश गरिएको दरबन्दी बमोजिम बिद्यमान कर्मचारीहरुलाई शैक्षिक योग्यता र

क्षमताका आधारमा सोहि बमोजिमको पदमा जिम्मेवारी दिई संघको रणनितिका कार्ययोजना कार्यान्वयन गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा, नेपाल नगरपालिका संघको कर्मचारी प्रशासन नियमावली २०५८ र आर्थिक प्रशासन नियमावली, २०६२ लाई समयानुकुल बनाउन आवश्यक संशोधन प्रस्ताव सहित पेश गरिएकोमा छलफल गरी प्राप्त सुझाव समेटी सर्वसम्मतीले पारित गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. ५ मा, संघको आ.व ०७६/७७ का लागि लेखा परिक्षक नियुक्तिका लागि आवश्यक योग्यता अनुसार तिन ओटा कोटेशन सहित कार्यालय प्रमुखले आवश्यक प्रक्रिया अगाडी बढाउन अख्तियारी दिने निर्णय गरीयो ।

प्रस्ताव नं. ६ मा, यस संघको प्रादेशिक अधिवेशन आगामी भाद्र महिना देखि सुरु गरी यथासक्य चाँडो सम्पन्न गर्नका लागि तत्काल संघको प्रदेश समितिका संयोजकहरुले प्रदेश समितिको बैठक गरी संघको कार्यकारी निर्देशकको समन्वयमा उपर्युक्त मिति तोक्ने निर्णय गरीयो ।

प्रस्ताव नं. ७ (क) मा, नेपालका सम्पूर्ण नगरपालिकाहरु मध्येबाट डि.पि.आर भईसकेका र एउटा गौरवको योजना गरी प्रत्येक नगरपालिकाबाट यस आ.व मा दुई ओटा योजना माग गरी संघमा योजना बैंक बनाउने र साझेदार र दातृ निकायसँग समन्वय गरी लगानी मैत्रि बातावरण बनाउन पहल गर्ने निर्णय गरियो । सो लगानी सम्मेलन गर्नका लागि प्रत्येक नगरपालिकाबाट रु. २५,०००/- रकम विनियोजन गर्नँ पत्राचार समेत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ (ख) मा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समायोजन भएका कर्मचारीहरुलाई अनिवार्य रुपमा हाजिर गराउने नेपाल सरकार (मन्त्री स्तरीय) निर्णय गरिएको भनि पत्राचार भएकोमा स्विकृत दरबन्दी बाहिरका पदमा कर्मचारी पठाएमा नगरपीलकाहरुले हाजिर नगराउने भनि गरेको निर्णयको समर्थन गर्दै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसंग सो नगर्न छलफल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ का (ग) मा, नेपाल नगरपालिका संघको नाममा भक्तपुरको मध्यपुर थिमि नगरपालिका कमेरेटारमा रहेको जग्गाको आकार संघको भवन निर्माणका लागि अनुपयुक्त भएका कारण नेपाल सरकार, प्रदेश सरकार तथा काठमाडौ महानगरपालिकासंग उपयुक्त स्थान र उपयुक्त किसिमको जग्गाको लागि अनुरोध गर्ने साथै अन्य सरोकारवालासंग समन्वय गर्ने निर्णय गरियो ।

२०७७ श्रावण ११ गते

**प्रस्तावहरु**

१) प्रगति प्रतिवेदन पेश गर्ने ।
२) अघिल्लो कार्यसमिति बैठक यता सचिवालय बैठकले गरेका निर्णय अनुमोदन गर्ने ।
३) आ.ब ०७७/७८ को लागि नीति, कार्यक्रम र बजेट पारित गर्ने ।
४) संशोधित बिधानत संघको आर्थिक तथा कर्मचारी प्रशासन नियमावली परिमार्जन गर्ने ।
५) संघका विविध समितिहरु गठन गर्ने ।
६) उत्कृष्ट नगरपालिका पुरस्कार घोषणा गर्ने ।
७) संघका थोत्रा पुराना जिन्सी सामाग्री लिलामी गर्ने ।
८) शहरी नीति तथा प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने सम्बन्धमा ।
९) संघको भवन निर्माण सम्बन्धमा ।
१०) कर्मचारी संचय कोष र उद्योग बाणिज्य महासंघसँग सहकार्य गर्ने ।
११) SuTRA सफ्वेर सम्बन्धमा ।
१२) कोभिड-१९ रोकथाम, नियन्त्रण र प्रभाव बारे ।
१३) सशर्त, समपुरक र बिषेश अनुदान बारे ।
१४) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ बारे ।
१५) सडक बत्तिको शुल्कका सम्बन्धमा ।
१६) स्थानीय तहका कर्मचारीहरु सम्बन्धमा ।
१७) संघको कार्यसमिति, महिला विभाग, कर्मचारीहरुको दुर्घटना बिमा गर्ने ।
१८) मर्यादाक्रम निर्धारण सम्बन्धमा ।
१९) विविध ।

**निर्णयहरु :**

प्रस्ताव नं. १ मा, नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक श्री कलानिधि देवकोटाले प्रस्तुत गर्नुभएको संघको आ.व ०७६/७७ को प्रगति प्रतिवेदनमा छलफल गरी सामान्य सुझाव सहित सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा, मिति २०७६ पौष ०१ गते र मिति २०७७ साल जेठ १३ गते ( भर्चुअल मिटिङ-कोभिड १९ का कारण )को संघको सचिवालय बैठकबाट पारित गरेका निर्णहरु अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ मा, नेपाल नगरपालिका संघको रणनितीक योजना (२०७६-८०) बमोजिमका उद्देश्य र लक्ष्य प्राप्तीका लागि आ.ब. ०७७/७८ को नीति तथा कार्यक्रम र रु ६,४८,२५,०१२/- (छ करोड अठ्चालिस लाख पचीस हजार बाऱ्ह मात्र) अनुमानीत रकमको बजेट सर्वसम्मत रुपमा पारित गरियो र स्थानीय सरकारका संबैधानिक अधिकारको रक्षा गर्दै एकल र साझा अधिकारको कार्यान्वय गर्न सम्पूर्ण नगरपालिकाहरुलाई अझ सकृय सहयोग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा, मिति २०७६ जेठ २२ गतेको मन्त्रीपरिषद्को निर्णयबाट यस नेपाल नगरपालिका संघको (पहिलो संशोधन) विधान २०७७ स्विकृत भएबमोजिम संघको परिमार्जित आर्थिक प्रशासन नियमावली ( दोश्रो संशोधन) २०७७ र कर्मचारी प्रशासन नियमावली ( तेश्रो संशोधन) २०७७ लागू गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा, नेपाल नगरपालिका संघको (पहिलो संशोधन) विधान २०७७ को धारा ३१ बमोजिम नगरपालिकाका नगरप्रमुख र उपप्रमुखहरुका विज्ञता र रुचीका आधारमा हाल निम्नलिखित १२ वटा समितिहरु गठन गरि संघलाई अझ सकृय बनाउने निर्णय गरियो ।

१. शहरी गरिवी, सकुम्बासी तथा आर्थिक विकास

२. शहरी पर्यावरण तथा सरसफाइ

३. विपद तथा संक्रमण व्यवस्थापन

४. बित्त व्यवस्थापन, लगानी तथा स्रोत परिचालन

५. स्थानीय मेलमिलाप र न्यायीक समिती

६. शहरी कृषि, वन र जलवायु

७. जलश्रोत र नवीकरणीय उर्जा

८.आधारभूत स्वास्थ, शिक्षा र दिगो बिकाश लक्ष्य

९. सस्कृति, सम्पदा र शहरी पर्यटन

१०. स्मार्ट सिटि, सूचना र प्रविधी

११. योजना, पुर्वाधार, तथा शहरी यातायात

१२. मेट्रो-सिटी ब्यवस्थापन

प्रस्ताव नं. ६ मा, नेपाल नगरपालिका संघले हरेक बर्ष झैं विभिन्न सुचकहरुका आधारमा आ.ब. २०७५/७६ को उत्कृष्ट नगरपालिका पुरस्कार (Municipal Excellence Award) विज्ञ समुहहरुको सिफरिसमा सहभागि नगरपालिकाहरु मध्ये तपशिलका तिन वटा विधामा उत्कृष्ट नगरपालिका पुरस्कार प्रदान गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

- ✓ श्रोत परिचालन र वित्तिय व्यवस्थापन - फलेबाँस नगरपालिका

- ✓ योजना, बातावरण र संकटासन्नता - निलकण्ठ नगरपालिका
- ✓ सुशासन र सेवा प्रवाह - बाँणगंगा नगरपालिकालाई नगरपालिका

प्रस्ताव नं. ७ मा, यस संघमा रहेका थोत्रा पुराना जिन्सी सामाग्रीहरुको लगत तयार गरी आर्थिक प्रशासन नियमावली (दोश्रो संशोधन) २०७७ को व्यवस्था बमोजिमको प्रक्रिया अनुसार लिलामी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ मा, नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुको सघन क्षमता अभिबृद्धिकालागि नितीगत संवाद र प्रशिक्षण केन्द्रको अभाव भएकोले नेपाल नगरपालिका संघको नेतृत्वमा "शहरी नीति तथा प्रशिक्षण प्रतिष्ठानको" स्थापना र संचालन गर्न विज्ञहरु मार्फत यथासिघ्र अवधारणा र सम्भावब्यता अध्ययन गर्ने  निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा, नेपाल नगरपालिका संघको भवन निर्माण गरि संघलाई स्थायीत्व दिन काठमाडौंमा उपयुक्त सार्वजनीक जग्गाको पहिचान गर्न शहरी विकास तथा भवन निर्माण विभाग एवं काठमाडौ उपत्यकाका महानगर र नगरपालिकासँग सहकार्य गरि सो प्राप्तीकालागि नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव न. १० मा, नगरपालिकाहरुको भौतिक विकासका निमित्त आन्तरिक स्रोत परिचालन गर्न कर्मचारी संचय कोष र उद्योग बाणिज्य महासंघ सँग नगरपालिकाहरुले स्रोत परिचालन गरि अधिकाधिक लाभ लिन सहकार्य गर्न प्रोत्साहन गर्दै नेपाल नगरपालिका संघले आवस्यक सहजीकरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ मा, हाल नगरपालिकाहरुले प्रयोग गरेको Sub National Treasury Regulatory Application (SuTRA)  सफ्टवेयरमा समस्या देखिने गरेको गुनासो नगरपालिकाहरुबाट बेला वखत आइरहेकोले संबन्धित मन्त्रालय र विज्ञहरुसँग परामर्श गरि समस्याको उचित निकाश दिन पहल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ मा, कोभिड १९ महामारीको प्रत्यक्ष प्रभावमा नगरपालिकाहरुमा परेको र यसको  रोकथाम तथा नियन्त्रणका लागि आवश्यक व्यवस्थापन गर्न संघ र प्रदेश सरकारहरुसंग संविधानको मर्म अनुसार समन्वय, सहकार्य र साझेदारीका साथ अगाडी बढ्न संघ र प्रदेश तहलाई आग्रह गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ मा, आ. ब ०७६/७७ का लागि नेपाल सरकारबाट स्थानीय सरकारहरुका लागि प्राप्त सशर्त, समपुरक र बिषेश अनुदान अर्न्तगत धेरै जसो आयोजनाहरु कोभिड १९ महामारीबाट सृजीत लकडाउनको प्रत्यक्ष प्रभावका कारण निर्माण सम्पन्न हुन नसकेका आयोजनाहरुलाई सुचारु गर्न समयावधि थप गरिनुका साथै निकासा हुन बाँकि रकम तत्काल निकासाका लागि नेपाल सरकार समक्ष जोडदार माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४ मा, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ मा राष्ट्रिय समन्वय परिषद् र प्रदेश समन्वय परिषद्मा स्थानीय सरकारको प्रतिनिधित्वका लागि सम्माननीय प्रधानमन्त्री र माननीय मुख्यमन्त्रीले स्थानीय सरकारका संघ/महासंघको सिफारिसमा संस्थागत प्रतिनिधित्व गराउने कानुनी प्रबन्ध गर्न ऐन संशोधनकालागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५ मा, नगरपालिकाका भित्रका सडक बत्तिको शुल्कका सम्बन्धमा विद्युत प्राधिकरणले कातिपय नगरपालिकाहरुलाई सडक बत्तिबापत मात्र नभएर चुहावटको सम्पुर्ण रकम समावेश गरि भुक्तानीका लागि पत्र प्रेषित गरि ताकेता गरेको पाईएकाले दिगो समाधानका लागि विद्युत प्राधिकरणलाइ वार्ताका लागि अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १६ मा, निजामति सेवा ऐन २०४९ अन्तर्गत नियुक्त भई स्थानीय तहहरुमा समायोजन भएका कार्मचारीहरुलाई सेवा नियुक्तीका बखत गरिएको सम्झौता बमोजिम नै सरुवा तथा बढुवाको व्यवस्थापन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो । साथै स्थानीय तहको कर्मचारीहरुको संघीय तथा स्थानीय कानून नबेको हुँदा साविकको स्थानीय तहमा कार्यरत कर्मचारीहरुको बृत्ति विकासमा गम्भीर असर परेकोले यसबारे नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १७ मा, नेपाल नगरपालिका संघका कार्यसमिति सदस्यहरु, महिला विभाग र कर्मचारीहरुको यस आ. ब. देखि आफ्नै स्रोतले दुर्घटना बिमा गर्ने र सम्पूर्ण नगरपालिकाहरुका जनप्रतिनिधिहरु र कर्मचारीहरुको स्वास्थ्य तथा सम्भावित दुर्घटना संवेदनशीलतालाई मध्यनजर गर्दै बिमा गर्न नगरपालिकाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १८ मा, नेपाल सरकारले राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा रहेका महानुभावहरुको मर्यादाक्रम निर्धारण गर्दा नगरपालिकाका उपप्रमुखहरुको मर्यादाक्रम सम्मानजनक नभएको पाइएकाले उक्त व्यवस्थालाई तत्काल सच्याउन नेपाल सरकार समक्ष  माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १९ मा, सम्पूर्ण महानगर, उपमहानगर र नगरपालिकाहरुको नितीगत बहस, पैरवी तथा संस्थागत बृहत्तर हितकालागि २०५० सालमा गठित संघको विधान छैठौं अधिवेसनबाट संशोधत गर्ने निर्णय भएबमोजिम मिति २०७७ जेठ २२ गतेको मन्त्रि परिषद बैठकले स्विकृति प्रदान गरेकोमा सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषदलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

२०७७ साल कार्त्तिक २३ गते (भर्चुअल)

**प्रस्तावहरु**

१. प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।

२. साधारण सभाको मिति तोक्ने सम्बन्धमा ।

३. विविध ।

**निर्णयहरु**

प्रस्ताव नं. १ मा , यस संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाले प्रस्तुत गर्नुभएको संघको हालसम्मको प्रगती प्रतिवेदन सर्वम्मतीले पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा, संघको साधारण सभा आगामि मंसिरको २३ गते गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ मा, आगामी मंसिर २३ गते हुन गइरहेको साधारण सभाका लागि सम्पुर्ण तयारी गर्नका लागि संघका कार्यकारी निर्देशकलाई जिम्मेवारी दिने निर्णय गरियो ।